नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या:-
चलानी:-

## प्रेस विज्ञप्ती

## मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा दोश्रो चौमासिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) एवं दोश्रो चौमासिक समिक्षा बैठक मिति २०७७ चैत्र ८ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गौरीशंकर चौधरीज्यूको अध्यक्षतामा मन्त्रालयको सभाहलमा सम्पन्न भयो । उक्त बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गत निकायहरुबाट आ.व. २०७७/७८ को दोश्रो चौमासिक अवधिमा सम्पादन भएका कार्यक्रमको समीक्षा गरिएको थियो । समीक्षा कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फूयाँल, मन्त्रालयका सचिव श्री सूर्यप्रसाद गौतम, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधीहरु साथै यस मन्त्रालयका महाशाखा प्रमुखहरु, मन्त्रालय अन्तर्गतका निकायका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो ।

उक्त समीक्षा कार्यक्रममा मन्त्रालय र मातहतका निकाय अन्तर्गत रहेका वार्षिक कार्यक्रमहरुको दोश्रो चौमासिक अवधिमा कार्यान्वयनको अवस्था, मन्त्रालयको समग्र भौतिक एवं वित्तिय प्रगति, माईलस्टोनको प्रगति, समीक्षा अवधिमा नयाँ तर्जुमा तथा संसोधन गरिएका कानूनहरु, कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या, चुनौती, राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) मा प्रस्ताव गरिने एजेण्डा लगायतका विषयहरुको वारेमा मन्त्रालयका सहसचिव श्री भरतमणी पाण्डे र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत भएका कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति लगायतका विषयमा सहसचिव श्री सुमन घिमिरेले प्रस्तुतीकरण गर्नुभएको थियो । चालु आ.ब. २०७७/७८ को दोश्रो चौमासिक अवधिसम्म मन्त्रालय अन्तर्गत विनियोजित बजेट मध्ये चालु तर्फ ८३ प्रतिशत र पूँजीगत तर्फ १९ प्रतिशत गरी कुल ८३ प्रतिशत खर्च भएको, दोश्रो चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने माइलस्टोन मध्ये ६३ प्रतिशत माइलस्टोन सम्पन्न भएको अवस्था छ । कार्यक्रमको अवसरमा कोभिड-१९ को महामारीको विषम परिस्थितिका वावजुत पनि आ.व. २०७७/७८ को दोश्रो चौमासिक अवधिमा मन्त्रालय र अन्तर्गतका अधिकांश निकायहरुको वार्षिक कार्यक्रमहरुको लक्ष्य र प्रगति सन्तोषजनक रहेको र कमजोर प्रगति भएका निकाय तथा क्षेत्रहरुमा अपेक्षित प्रगति हाँसिल गर्ने गरी आगामी दिनमा तोकिएको वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोगका माननीय सदस्य

फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानीः-

सिंहदरबार, काठमाडौं
नेपाल

लगायत विभिन्न निकायका प्रतिनिधीहरुले सुझाव दिनुभएको थियो । ब्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानहरुको संख्या विस्तार तथा क्षमता सुदृढिकरण गर्नुपर्ने, अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरुलाई समेत सामाजिक सुरक्षाको दायरामा ल्याउन पहल गर्नुपर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई जनस्तरसम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लैजानुपर्ने, हालसम्म सुरु हुन नसकेका कामहरु यथाशिघ्र सुरु गर्न आवश्यक कार्य अगाडि बढाउनुपर्ने जस्ता महत्वपुर्ण सुझाव र निर्देशन माननीय मन्त्रीज्यूले प्रदान गर्नुभएको थियो । बैठकले विभिन्न विषयगत मन्त्रालयहरुले सिर्जना गर्ने रोजगारीको तथ्याङ्कलाई ब्यवस्थित गर्न साथै आन्तरिक रोजगारी प्रबर्द्धन गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयहरुसँग समन्वय गर्नुपर्ने विषयलाई राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्ताव गर्ने निर्णय गरेको छ ।

मिति २०७७/१२/०८

..................
भरतमणी पाण्डे
प्रबक्ता